राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको
"विद्युत प्रसारण आयोजना लगानी साझेदारी सम्बन्धी कार्यविधि, २०८२"

<u>प्रस्तावना:</u> सार्वजनिक-निजी साझेदारीबाट लगानी गरी विद्युत प्रसारण आयोजना निर्माण कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले,

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड नियमावली, २०७२ को दफा ४९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कम्पनीको सञ्चालक समितिले यो कार्यविधि बनाएको छ।

परिच्छेद- १
<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "विद्युत प्रसारण आयोजना लगानी साझेदारी सम्बन्धी कार्यविधि, २०८२" हुनेछ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट पारित भए पछि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कम्पनी" भन्नाले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड सम्झनु पर्छ।

(ख) "प्रबन्धपत्र" भन्नाले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको प्रबन्धपत्र, २०७२ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको नियमावली, २०७२ सम्झनु पर्छ।

(घ) "सञ्चालक समिति" भन्नाले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको सञ्चालक समिति सम्झनु पर्छ।

(ङ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(च) "मूल्याङ्कन समिति" भन्नाले दफा ११ बमोजिम गठित समिति सम्झनु पर्छ।

(छ) "संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर)" भन्नाले दुई वा दुईभन्दा बढी कम्पनीहरु मिली छुट्टै दायित्व र सम्पत्ति हुने गरी संयुक्तरुपमा गरिने कार्य सम्झनु पर्छ।

(ज) "आयोजना" भन्नाले सरकारी, अर्धसरकारी, सार्वजनिक निकाय, निजी लगानीकर्ताको संयुक्त लगानी साझेदारीमा निर्माण गरिने निर्णय भएका कम्पनीका सर्वेक्षण वा विस्तृत डिजाइनको चरणमा रहेका वा विस्तृत डिजाइन सम्पन्न भएका विद्युत प्रसारण प्रणालीलाई सम्झनु पर्छ।

(झ) "आशयपत्र" भन्नाले सरकारी, अर्धसरकारी, सार्वजनिक निकाय, निजी लगानीकर्ताले आयोजनामा लगानी गर्न इच्छा प्रकट गरेको पत्र सम्झनु पर्छ।

(ञ) "स्वदेशी लगानीकर्ता" भन्नाले सरकारी, अर्धसरकारी, सार्वजनिक निकाय वा निजी कम्पनी वा संगठित संस्थालाई सम्झनु पर्छ।

(ट) "लगानी प्रस्ताव" भन्नाले आयोजनामा लगानी गर्नको लागि लगानीकर्ताले पेश गरेको लगानीको प्रस्ताव सम्झनु पर्छ।

(ठ) "पूँजी" भन्नाले प्रस्तावित कम्पनीमा लगानी गर्ने शेयर पूँजी (इक्विटी शेयर) सम्झनु पर्छ।

(ड) "लगानी साझेदार" भन्नाले कम्पनीसँग संयुक्त लगानीमा अन्य कम्पनीमा लगानी गर्ने लगानीकर्तालाई सम्झनु पर्छ।

(ढ) "संयुक्त लगानी" भन्नाले कम्पनी र लगानी साझेदारबीच आयोजनामा गरिने शेयर, सम्पत्ति वा शेयर वा सम्पत्ति दुवै मार्फत गरिने लगानी सम्झनु पर्छ।

(ण) "सोझै वार्ता" भन्नाले कानूनी रुपमा स्वीकार्य र संस्थागत रुपमा महत्वपूर्ण ठहरिएका लगानी साझेदारसँग प्रत्यक्ष वार्ता गरी संयुक्त लगानी प्रस्तावको सहमति गर्ने प्रकृया बुझ्नु पर्छ।

परिच्छेद–२

<u>आशयपत्रको आह्वान र छनौट</u>

३. <u>आशयपत्र आह्वान गर्ने:</u> (१) कम्पनीले छनौट गरेका आयोजनामा लगानी गर्न स्वदेशी लगानीकर्ताको लागि कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ।

(२) आशयपत्रको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आशयपत्रको सूचना प्रकाशन गर्दा कम्पनीले देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछः-

(क) आयोजनाको नाम, स्थान, प्रकृति तथा क्षमता,

(ख) आयोजना अनुमानित लागत र प्रस्तावित पूँजी/ऋण संरचना,

(ग) आयोजनाको संक्षिप्त विवरण,

(घ) आशयपत्र पेश गर्ने तरिका,

(ङ) आशयपत्र पेश गर्ने मिति, समय र स्थान,

(च) सञ्चालक समितिबाट तोकेको अन्य आवश्यक विवरण।

४. <u>लगानीकर्ताले आशयपत्र पेश गर्नुपर्ने:</u> (१) आयोजनामा लगानी गर्ने इच्छुक लगानीकर्ताले देहाय बमोजिमको कागजात संलग्न गरी उल्लिखित अवधिभित्र कम्पनी समक्ष आशयपत्र पेश गर्नु पर्नेछ;

(क) व्यवसाय दर्ताको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणपत्र,

(ख) कम्पनीको हकमा शेयरधनी दर्ता किताबको प्रति,

(ग) पछिल्लो आर्थिक बर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन,

(घ) कर चुक्ता प्रमाणपत्र,

(ङ) कर्जा सूचना केन्द्रले कालो सूचीमा नरहेको भनी दिएको पत्र।

(च) कम्पनीको हकमा प्रबन्धपत्र, नियमावली, सञ्चालक र शेयरधनीको परिचय खुल्ने कागजात,

(छ) कम्पनीको प्रोफाइल, आयोजनामा लगानी गर्न सम्बन्धित कम्पनीको सञ्चालक समितिको निर्णय,

(ज) अख्तियारी पत्र र अख्तियारवालाको परिचय खुल्ने कागजात।

(२) लगानीकर्ता संयुक्त उपक्रम भएमा त्यस्तो लगानीकर्ताबीच भएको संयुक्त लगानी सम्झौता सहित अख्तियारी पत्र र अख्तियारवालाको परिचय खुल्ने कागजात पेश गर्नु पर्नेछ।

५. <u>आशयपत्रको छनौट:</u> (१) आशयपत्र पेश गर्ने समय अवधि समाप्त भए पछि मूल्याङ्कन समितिले दफा ४ बमोजिमको कागजात एकिन गरी रुजु गर्नु पर्नेछ।

(२) लगानीकर्ताबाट पेश गरिएको कागजातमा थप पुष्ट्याईं आवश्यक भएमा मूल्याङ्कन समितिले कागजात माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कागजातको अध्ययन गरी मूल्याङ्कन समितिले आशयपत्रको मूल्याङ्कन गरी छनौटको लागि प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ। यसरी छनौट भएको आशयपत्र लगायतका कागजातलाई मुचुल्का तयार गरी मूल्याङ्कन समितिको संयोजक र सदस्यहरुले हस्ताक्षर गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट भएका आशयपत्रको जानकारी सबै प्रस्तावदातालाई सात दिनभित्र विद्युतीय वा भौतिक माध्यमबाट दिनु पर्नेछ।

६. <u>आशयपत्र उपर कारवाही नहुने:</u> देहायको रीत नपुगेको आशयपत्र उपर कारवाही गरिने छैन:-

(क) रीत पूर्वक नआएको,

(ख) म्याद भित्र पेश हुन नआएको,

(ग) दफा ४ बमोजिमको कागजात नभएको।

परिच्छेद –३

लगानी प्रस्तावको लागि आह्वान र छनौट

७. <u>लगानी प्रस्ताव माग गर्नुपर्ने:</u> (१) आशयपत्रबाट छनौट भएका लगानीकर्तालाई कम्पनीले लगानी गर्नुपर्ने न्यूनतम, अधिकतम लगानीको सीमा र प्रस्तावित पूँजी/ऋण उल्लेख गरी विद्युतीय वा भौतिक माध्यमबाट लगानी प्रस्ताव पेश गर्न आह्वान गर्नु पर्नेछ।

(२) आशयपत्र छनौटमा परेका लगानीकर्तालाई लगानी प्रस्ताव पेश गर्नु अगावै संयुक्तरुपमा छलफल गर्न सकिनेछ।

(३) छनौट भएको लगानीकर्तालाई लगानी प्रस्ताव पेश गर्न आह्वान गर्दा दफा ८ मा उल्लिखित कागजातहरु पेश गर्न सूचित गर्नु पर्नेछ।

८. <u>लगानी प्रस्ताव पेश गर्नुपर्ने:</u> अनुसुची-१ बमोजिमको ढाँचामा लगानी प्रस्ताव पेश गर्नु पर्नेछ।

९. <u>लगानी प्रस्तावको छनौट तथा लगानी बाँडफाँड:</u> (१) लगानी प्रस्ताव पेश गर्ने समय अवधि समाप्त भए पछि दफा ४ र दफा ८ बमोजिम पेश गरेको कागजातको आधारमा अनुसूची-२ बमोजिम मूल्याङ्कन गरी सफल लगानीकर्ताको योग्यताक्रमको सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको योग्यताक्रममा परेका लगानीकर्ताले लगानी गर्न प्रस्ताव गरेको रकम र मूल्याङ्कनबाट प्राप्त गरेको अङ्कको आधारमा समानुपातिक हिसाब गरी लगानी बाँडफाँड गरिनेछ।

(३) उपदफा (२) बमोजिम लगानी बाँडफाँड गर्दा योग्यताक्रममा परेका पहिलो पाँच लगानीकर्तालाई लगानी बाँडफाँडमा समावेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमका लगानीकर्ताबाट पर्याप्त लगानी प्राप्त हुन नसकेमा योग्यताक्रम सूचीमा परेका थप बढीमा चार लगानीकर्तालाई लगानीको बाँडफाँडमा समावेश गर्न सकिनेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि पाँच भन्दा कम लगानीकर्ता मात्र योग्यताक्रम सूचीमा परेमा उपदफा (२) बमोजिम सबै लगानीकर्तालाई लगानी बाँडफाँड गर्नु पर्नेछ।

(६) लगानी प्रस्ताव छनौटमा परेका आवेदकलाई विद्युतीय वा भौतिक माध्यम र कम्पनीको वेवसाइट मार्फत जानकारी दिनु पर्नेछ।

१०. <u>दोस्रो पटक आशयपत्र आह्वान गर्न सक्ने:</u> (१) यस कार्यविधि बमोजिम प्रथम पटक आशयपत्र आह्वान गर्दा लगानी जुट्न नसकेको बाँकी लगानीको लागि कम्पनीले दोस्रो पटक आशयपत्र आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आशपत्र आह्वान गर्दा लगानी जुट्न नसकि विदेशी लगानीकर्ताबाट लगानी गर्नुपर्ने भएमा सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।

परिच्छेद –४

वार्ताबाट आयोजना कार्यान्वयन गर्न सक्ने

११. <u>वार्ताबाट आयोजना कार्यान्वयन गर्न सक्ने:</u> (१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिए भएता पनि देहायका अवस्थामा कम्पनीले सोझै वार्ता मार्फत लगानी साझेदार छनौट गर्न सक्नेछः

(क) नेपाल सरकार, नेपाल सरकारको ५१ प्रतिशत वा सोभन्दा बढी स्वामित्व रहेको संस्था वा सोको प्रत्यक्ष नियन्त्रणमा रहेको संस्थाको हकमा,

(ख) कम्तीमा दुई पटक आशयपत्र आह्वान गर्दा पनि उपयुक्त लगानी साझेदार छनौट हुन वा लगानी जुट्न नसकेमा।

(२) उपदफा (१) बमोजिमको कुनै आयोजना वार्ताबाट कार्यान्वयन गर्न चाहने लगानीकर्ताले अनुसूची-१ बमोजिमको आवेदन फाराम भरी कम्पनी समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्तावलाई मूल्याङ्कन समितिले मूल्याङ्कन गरी कम्पनीले स्वीकृतिको लागि सञ्चालक समितिमा पेश गर्नु पर्नेछ।

परिच्छेद –५

मूल्याङ्कन समिति

१२. <u>मूल्याङ्कन समिति:</u> (१) आशयपत्र तथा लगानी प्रस्तावको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ;

(क) प्रमुख कार्यकारी अधिकृतले तोकेको वरिष्ठ अधिकृत -संयोजक

(ख) ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

(ग) नेपाल विद्युत प्राधिकरणको अधिकृत स्तरको प्राविधिक प्रतिनिधि -सदस्य

(घ) कम्पनीको लेखा प्रमुख -सदस्य

(ङ) सम्बन्धित आयोजनाको आयोजना प्रमुख -सदस्य सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(४) मूल्याङ्कन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

परिच्छेद–६

विविध

१३. <u>दस्तुर/शुल्क बुझाउनु पर्ने</u> (१) आशयपत्र पेश गर्दा दस्तुर वापत लगानीकर्ताले कम्पनीको बैंक खातामा दश हजार रुपैंया जम्मा गरी सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ।

(२) लगानी सम्झौता गर्ने समयमा लगानी शुल्क वापत दुई लाख पचास हजार रुपैंया वा लगानी गर्न कबोल गरेको रकमको शुन्य दशमलब शुन्य एक प्रतिशतले हुन आउने रकम मध्ये जुन बढि हुन्छ सो रकम कम्पनीको बैंक खातामा जम्मा गरी सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ।

(३) आशयपत्र र लगानी सम्झौता पेश गर्दा कम्पनीलाई बुझाएको दस्तुर/शुल्क फिर्ता हुने छैन।

१४. <u>सम्झौता गर्नु पर्ने:</u> (१) लगानी प्रस्ताव छनौट भए पछि लगानीकर्ता र कम्पनीबीच आपसी समझदारीमा लगानी साझेदारी तथा आयोजना निर्माण सम्बन्धी सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्नु पूर्व सञ्चालक समितिबाट स्वीकृत लिनु पर्नेछ। सञ्चालक समितिले मूल्याङ्कन प्रतिवेदन र सम्झौता अध्ययन गर्न आवश्यक ठानेमा सञ्चालक समितिले तोकेको सञ्चालक सदस्यको संयोजकत्वमा एक उपसमिति गठन गर्न सक्नेछ ।

(३) लगानीकर्ता र कम्पनीबीच देहायका शर्तहरु समावेश गरी सम्झौता गर्नु पर्नेछ;

(क) आयोजना निर्माण तथा सञ्चालनको लागि कम्पनी र लगानीकर्ताबीच संयुक्त उपक्रम कम्पनीको रुपमा प्रचलित कानून बमोजिम छुट्टै पब्लिक लिमिटेड कम्पनी स्थापना गर्नु पर्नेछ।

(ख) आयोजनामा लागेको खर्च रकमलाई वर्तमान मूल्यमा समायोजन गरी उपदफा (३) को खण्ड (क) बमोजिम स्थापना हुने कम्पनीमा पूँजीको रुपमा लगानी भएको मानिनेछ।

(ग) आयोजनाको निर्माण तथा सञ्चालनको क्रममा कम्पनीले दिएको निर्देशन पालन गर्नु लगानीकर्ताको कर्तव्य हुनेछ।

१५. <u>रद्द गर्न सकिने:</u> आशयपत्रको सूचना वा आशयपत्र छनौट वा लगानी प्रस्ताव छनौट भए पछि रद्द गर्नुपर्ने भएमा सञ्चालक समितिले गर्नेछ।

१६. <u>सर्वसाधारणलाई शेयर जारी गर्ने:</u> प्रचलित कानून बमोजिम सर्वसाधारणलाई शेयर जारी गरिनेछ।

१७. <u>समन्वय गर्नुपर्ने:</u> कम्पनीको कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक-निजी साझेदारी लगानी वा निजी लगानीबाट हुने आयोजनाको कार्यान्वयनको लागि सञ्चालक समितिले आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गतका सम्बन्धित निकायहरुसँग समन्वय गर्न सक्नेछ।

१८. <u>विवाद समाधान:</u> (१) कम्पनी र लगानीकर्ता वा लगानीकर्ता र लगानीकर्ताबीच कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट विवादको समाधान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विवाद समाधान हुन नसकेमा देहाय बमोजिको विवाद समाधान समिति मार्फत विवाद समाधान गर्नुपर्नेछ।

(क) सञ्चालक समितिले तोकेको सञ्चालक सदस्य -संयोजक

(ख) प्रमुख कार्यकारी अधिकृत -सदस्य

(ग) ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको कम्तिमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

(३) उपदफा (२) बमोजिम गठित विवाद समाधान समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।

१९. <u>संशोधन वा खारेजी:</u> आवश्यकता बमोजिम सञ्चालक समितिले यो कार्यविधी संशोधन वा खारेजी गर्न सक्नेछ।

२०. <u>बाधा अड्चन फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन देखा परेमा सञ्चालक समितिले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।

२१. <u>बाझिएको हदसम्म अमान्य:</u> यो कार्यविधि प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

अनुसूची-१

(दफा ८ सँग सम्बन्धित)

लगानी प्रस्तावको आवेदन फारम

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको "**विद्युत प्रसारण आयोजना लगानी साझेदारी सम्बन्धी कार्यविधि, २०८२**" को दफा ८ बमोजिम ..... आयोजनामा लगानी गर्ने भन्ने निर्णय यस .....को सञ्चालक समितिले मिति .....मा निर्णय गरेको हुँदा .....आयोजनामा रु.....(अक्षरुपी .....) लगानी गर्न पाँऊ भनी तपसिलको कागजातहरु संलग्न गरी यो आवेदन पेश गर्दछु।

संलग्न कागजातहरु:

(क) धितोपत्र बोर्डमा सूचीकृत भएको वा नभएको निजी लगानीकर्ता र नेपाल सरकारले लगानी गरेको कम्पनीको हकमा कम्पनी रजिष्ट्रार कार्यालयबाट प्रमाणित शेयर लगतको प्रतिलिपि र पछिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन र पछिल्लो एक आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, आधिकारीक चाटर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्पनीको नेटवर्थ खुल्ने कागजात,

(ख) लगानीको कार्ययोजना सहितको आयोजना प्रस्ताव,

(ग) निजी लगानीकर्ता र नेपाल सरकारले लगानी गरेको कम्पनीको हकमा सञ्चालक समितिबाट लगानी गर्ने भनी निर्णय भएको कागजात,

(घ) कर्जा सूचना केन्द्रले कालो सूचीमा नरहेको भनी दिएको पत्र,

(च) लगानीकर्ता निकायको लगानी गर्ने सम्बन्धी निर्णय,

(छ) अख्तियारनामा (Power of Attorney)

(ज) प्रस्तावित आयोजना निर्माण गर्न आवश्यक पर्ने ऋण लगानी रकम वित्तीय संस्थाबाट लगानी गर्ने आशयपत्र (Letter of Intent) वा प्रतिवद्धता पत्र भएमा।

आवेदक

लगानीकर्ताको नाम र ठेगाना:

सम्पर्क नम्बर:

संस्थागत इमेल:

अख्तियारवालाको नाम र हस्ताक्षर:

कार्यालयको छाप

अनुसूची- २

(दफा ९ सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनको मापदण्ड

सरकारी निकाय, निजी प्रवर्द्धक/पब्लिक कम्पनीहरुको अनुपातिक पूँजी लगानी, कारोबार, नेटवर्थ, नाफा लगायत व्यवसायसँग जोडिएको कारोबार, कार्यसम्पादन तथा सम्पत्तिलाई देहायको शर्त पूरा गरे पश्चात मात्र मूल्याङ्कन मापदण्डमा लिईनेछ।

(१) आशयपत्रमा उल्लिखित प्रस्तावित कम्पनीको पूँजीको कम्तीमा पाँच प्रतिशत शेयर लिने भनी प्रतिबद्धता सहितको प्रस्ताव पेश गरेको हुनुपर्ने।

(२) नेटवर्थ घनात्मक भएको हुनुपर्ने।

मूल्याङ्कनका आधारहरु: (कूल अङ्क- १००)

१. मुलुक भित्र क्षेत्रगत पूँजी लगानी सम्बन्धी विवरण: (जम्मा अङ्क- २०)

(क) प्रसारण लाइनमा प्रस्तावित कम्पनीको पूँजीको कम्तिमा १०% लगानी भएमा: २०अङ्क

(ख) विद्युत उत्पादनमा प्रस्तावित कम्पनीको पूँजीको कम्तिमा १०% लगानी भएमा: १५अङ्क

(ग) अन्य क्षेत्रमा कम्पनीको पूँजीको कम्तिमा १०% लगानी भएमा: १०अङ्क

२. वार्षिक कारोबार सम्बन्धी विवरण: (जम्मा अङ्क-१५)

(क) प्रस्तावित कम्पनीको पूँजीको २०% भन्दा बढी रकम वार्षिक कारोबार भएमा: १५अङ्क

(ख) प्रस्तावित कम्पनीको पूँजीको १५%-२०% बराबरको रकम वार्षिक कारोबार भएमा: १२अङ्क

(ग) प्रस्तावित कम्पनीको पूँजीको १०%-१५% भन्दा कम रकम वार्षिक कारोबार भएमा: १०अङ्क

३. नेटवर्थ (खुद सम्पत्ति) सम्बन्धी विवरण: (जम्मा अङ्क- २५)

(क) प्रस्तावित कम्पनीको पूँजीको ४०% भन्दा बढी नेटवर्थ भएमा: २५अङ्क

(ख) प्रस्तावित कम्पनीको पूँजीको २०%-४०% बराबरको नेटवर्थ भएमा: २०अङ्क

(ग) प्रस्तावित कम्पनीको पूँजीको १०%-२०% भन्दा कम नेटवर्थ भएमा: १०अङ्क

४. लगानीकर्ता कम्पनीको आयोजना सम्बन्धी विवरण: (जम्मा अङ्क- १५)

(क) प्रस्तावित आयोजनामा जोडिनको लागि कम्पनीसँग ग्रिड कनेक्सन सम्झौता भएमा: १५अङ्क

(ख) प्रस्तावित आयोजना निर्माण क्षेत्रमा निर्माण हुने विद्युत उत्पादक आयोजना भएमा: १२अङ्क

(ग) विद्युत सम्बन्धी अन्य आयोजना भएमा: १०अङ्क

(घ) अन्य आयोजना भएमा: ८अङ्क

५. प्रस्तावित आयोजना क्षेत्रमा निर्माण हुने विद्युत आयोजनाः (जम्मा अङ्क-१५)

(क) विद्युत खरिद सम्झौता, उत्पादन अनुमतिपत्र प्राप्त र वित्तीय व्यवस्थापन सम्पन्न भएमाः १५ अङ्क

(ख) विद्युत खरिद सम्झौता वा विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भएमाः १२ अङ्क

(ग) विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्तः १० अङ्क

६. प्रस्तावित आयोजना निर्माण गर्न आवश्यक पर्ने ऋण लगानी रकम वित्तीय संस्थाबाट लगानी गर्ने आशयपत्र (Letter of Intent) वा प्रतिवद्धता पत्र पेश भएमाः (जम्मा अङ्क-५)

७. प्रस्तावना प्रतिवेदनको गुणस्तरः (जम्मा अङ्क- ५)

लगानीकर्ताबाट प्राप्त आयोजना निर्माण, विकास एवं सञ्चालन सम्बन्धी कार्ययोजना, कार्यतालिका, वित्तीय व्यवस्थापन सहित पेश गरेको प्रस्तावको आधारमा अङ्क प्रदान गरिनेछ।

८. मूल्याङ्कनमा सफल हुनको लागि कम्तीमा ५० (पचास) अङ्क हासिल गरेको हुनु पर्नेछ।

९. प्रस्ताव मूल्याङ्कन गर्दा बराबर अङ्क प्राप्त भएमा देहाय अनुसार प्राथमिकता दिईनेछः

(क) प्रस्तावित आयोजनामा जोडिनको लागि कम्पनीसँग ग्रिड कनेक्सन सम्झौता भएको,

(ख) आयोजनासँग सम्बन्धित क्षेत्रमा निर्माण हुने जलविद्युत प्रवर्द्धक कम्पनी,

(ग) विद्युतसँग सम्बन्धित लगानीकर्ता,

(घ) विद्युत बाहेक अन्य लगानीकर्ता,

१०. बुँदा नं. ९ उल्लेख भए अनुसार प्राथमिकता छुट्टाउन नसकेमा अन्तिम निर्णय गर्ने अधिकार सञ्चालक समितिमा हुनेछ।

(नोटः प्रस्तावित कम्पनीको ऋण र पूँजी लगानीको अनुपात सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ।)